मितिः २०७८।०२।३१ गते

१०३ औं कार्यपालिका बैठकका निर्णयहरुः

निर्णय नं. १: १०२ औं कार्यपालिका बैठकका निर्णयहरूको कार्यान्वयनको अवस्था बारेमा समिक्षा गरियो ।

निर्णय नं. २: कोरोना भाईरस रोग संक्रमण रोकथाम, जोखिम न्यूनिकरण तथा अन्य आपतकालिन व्यबस्थापन गर्ने प्रयोजनको लागि कार्यपालिकामा निहित अधिकार प्रत्योजन हुने गरी गठित समितिको मिति २०७८।०१।२९ गते, २०७८।०२।०२ गते, २०७८।०२।०५ गते र २०७८।०२।१६ गते बसेका बैठकका निर्णयहरू अनुमोदन गर्ने ।

निर्णय नं. ३: कोरोना भाईरस रोग संक्रमण रोकथाम, जोखिम न्यूनिकरण तथा अन्य आपतकालिन व्यबस्थापन गर्ने प्रयोजनको लागि कार्यपालिकामा निहित अधिकार प्रत्योजन हुने गरी गठित समितिबाट बिभिन्न मितिमा भएका देहाय बमोजिमका खर्च सम्बन्धि निर्णयहरू अनुमोदन गरि, नगर सभाबाट पारित गराउने ।

(क) २०७८।०२।०२ गतेको बैठकको निर्णय नं. ६ अनुसार चालु आ. व. को बार्षिक बजेटमा नगर अस्पतालको लागि विनियोजन भएको रू २५,००,०००।— (पच्चिस लाख) विपद व्यबस्थापन कोषमा जम्मा गरि देहाय बमोजिम खर्च गर्ने ।

| | |
|---|---|
| अ) व्यक्तिगत सुरक्षा सामग्री खरिद | -रु ४,५०,०००।— |
| आ) कोभिड १९ औषधि खरिद | -रु ४,५०,०००।— |
| इ) स्वास्थ्य औजार उपकरण | -रू ३,००,०००।— |
| ई) आईसोलेसनमा खटिने कर्मचारीहरूको आवास व्यबस्थापन | -रू १,००,०००।— |
| उ) आईसोलेसन व्यबस्थापन खाना | -रू १,००,०००।— |
| ऊ) जोखिम भत्ता | -रू ५,००,०००।— |
| ए) एन्टिजेन खरिद | -रू २,५०,०००।— |
| ऐ) स्वाव संकलनको लागि आवश्यक खाजा तथा यातायात खर्च | -रू १,००,०००।— |
| ओ) स्वास्थ शिक्षा, परामर्ष तथा स्वास्थ्य पर्वर्द्धन | -रु १,००,०००।— |
| औ) विविध खर्च | -रू १,५०,०००।— |
| **जम्मा** | **-रू २५,००,०००।—** |

Shagun

(ख) २०७८।०२।०५ गतेको बैठकको निर्णय नं. ३ अनुसार सोही बैठकको निर्णय नं. १ र निर्णय नं. २ बमोजिमको खर्च चालु आ.व. मा विनियोजित बसपार्क पूर्वाधार निर्माणको रु ५,००,०००।— ( पाँच लाख ) , कोल्ड स्टोर पूर्वाधार निर्माण रु २५,००,०००।— ( पच्चिस लाख ) र कभर्डहल पूर्वाधार निर्माणको रु २०,००,०००।— ( बिस लाख ) गरि जम्मा ५०,००,०००।— ( पचास लाख ) विपद व्यवस्थापन कोषमा जम्मा गरि देहाय बमोजिम खर्च गर्ने ।

| | |
|---|---|
| अ) मेडिकल अधिकृतको मासिक तलब, जोखिम भत्ता महंगी भत्ता र खाजा नास्ता | रु ४,००,०००।— |
| आ) आईसोलेशनमा खटिने अन्य कर्मचारीको जोखिम भत्ता | रु ६,५०,०००।— |
| इ) Bed With Accessories | रु ६,५०,०००।— |
| ई) घर भाडा | रु ५०,०००।— |
| उ) खाना तथा आवास व्यवस्थापन | रु ५,००,०००।— |
| ऊ) औषधी खरिद | रु १२,००,०००।— |
| ए) सुरक्षा सामाग्री खरिद | रु ५,००,०००।— |
| ऐ) अक्सिजन रिफिल | रु ५,००,०००।— |
| ओ) एन्टीजेन खरिद | रु २,५०,०००।— |
| औ) विविध व्यवस्थापन | रु ३,००,०००।— |
| जम्मा | रु ५०,००,०००।— |

निर्णय नं. ४: नवौं नगर सभा मिति २०७८।०३।०८ गते मंगलबार बिहान ११ बजे नगर सभा हलमा वोलाउने।

निर्णय प्रमाणित
२०७८।३।२१